annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १०९ पृष्ठ ८ | काठमाडौं, शनिबार १ भदौ २०८१ | श्रावण शुक्लपक्ष द्वादशी, नेपाल संवत् ११४४ | SATURDAY, AUGUST 17, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# पर्यटक ओइर्‍याउँदै ढोरपाटन



ढोरपाटनमा भेडाबाख्रा चराउँदै एक किसान। यहाँको बुकीको पोसिलो घाँस खान पाए बस्तुभाउ निरोगी र मोटाघाटा हुने किसानहरू बताउँछन्।
● सन्तोष गौतम

**मुलुकको एकमात्र सिकार आरक्ष हो- ढोरपाटन। यहाँ विश्वका सौखिन र धनाढ्यहरू सिकार खेल्न आउँछन्। जैविक विविधता, साहासिक सिकार, पर्यटन, धर्म, संस्कृति र प्रकृतिको संगम भएकाले विदेशी मात्र होइन, स्वदेशी पर्यटकको पनि ओइरो लाग्न थालेको छ। प्रकृतिको सुन्दरताको स्पन्धनसँगै यहाँका थुम्काथुम्की र फराकिला फाँटमा लुटिपुटी गर्नुको मज्जा नै बेग्लै छ। तर, सडक पूर्वाधार, प्रचारप्रसार र प्रवर्द्धनको अभाव छ। त्यसैकारण सिकार आरक्षबाट राज्य र समुदायले अपेक्षित लाभ लिन सकेका छैनन्।**

सन्तोष गौतम | *म्याग्दी*
– को रिपोर्ट

समाचार पृष्ठ २

# बाढीले बगायो पर्यटकीय थामे गाउँ

**सुवास दर्नाल** | *सोलुखुम्बु*

पर्यटकीय क्षेत्र थामे गाउँ बाढीको चपेटामा परेको छ। शुक्रबार दिउँसो एक्कासि थामेखोलामा आएको बाढीले थामे गाउँ नै बगाएको हो। दिउँसो करिब २ बजे थामेखोलामा आएको बाढीले खुम्बु पासाङ ल्हामु गाउँपालिका-५ स्थित गाउँ बगाएको वडाध्यक्ष पासाङ ग्याल्जेन शेर्पाले बताए। उनले भने, 'दिउँसो एक्कासि आएको बाढीले थामेको १५/१६ घर बगायो, मान्छेले भागेर ज्यान बचाए, पूरै गाउँ नै बगायो, होटल, विद्यालय, स्वास्थ्यचौकी सबै बाढीले बगाएर क्षति पुग्यो, नेपाली सेना नजिकै भएकाले धेरै उद्धार भयो, अन्यथा मानवीय क्षति नै हुन्थ्यो होला।' बाढीले स्थानीय स्वास्थ्यचौकी, विद्यालय, गुम्बासहितको संरचनामा क्षति पुर्‍याएको छ। घटनामा मानवीय क्षति भएको छैन। एक जना बेपत्ता भएको भनिएका व्यक्ति घरभित्रै फसेको वडाध्यक्ष शेर्पाले बताए। स्थानीय ५५ वर्षीय डिग्मा नुरु शेर्पा बोल्न नसक्ने व्यक्ति भएको बताइएको छ। अहिले उनी सम्पर्कमा आइसकेकी छन्। 'हराएको भनिएकी डिग्मा नुरु शेर्पा मेरो सम्पर्कमा छन्, उनी बोल्न नसक्ने भएकाले बाढी आउँदा घरभित्रै थुनिएछिन्, तर उनी सुरक्षित छन्, अहिलेसम्म मानवीय क्षति भएको कुनै खबर छैन।', वडाध्यक्ष शेर्पाले भने। खुम्बु पासाङ ल्हामु गाउँपालिका-३ स्थित फाक्दिङदेखि नाम्चे जाने झन्डै दुई सय मिटर पदमार्ग पनि बाढीले कटान गरेको छ। थामेखोलामा आएको बाढीले त्यसभन्दा तलको भोटेकोशीमा पानीको बहाव बढ्दा तल्लो



क्षेत्रमा पनि क्षति पुगेको छ। भोटेकोशी हुँदै दूधकोशीमा आएको बाढीले माप्यदूधकोशी गाउँपालिका र खुम्बु पासाङ ल्हामु गाउँपालिका जोड्ने माप्य-खुम्बु मितेरी मोटरेबल पुलमा क्षति पुगेको छ। उक्त पुलको एकतर्फको भाग भासिएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुले जनाएको छ। प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेका अनुसार सोही बाढीले जिल्लाको सोताङस्थित दिप्लीघाटमा राखिएको पुरानो बेलिब्रिजको सामानहरू बगाएको छ।

**रक्षामन्त्री राई निरीक्षणमा जाने**

रक्षामन्त्री मानवीर राई बाढीग्रस्त क्षेत्रमा निरीक्षणमा जाने भएका छन्। रक्षामन्त्री राई शनिबार बिहान नेपाली सेनाको हेलिकप्टरमार्फत थामे पुग्ने रक्षामन्त्री राईको सचिवालयले जनाएको छ। सोलुखुम्बुबाट निर्वाचित सांसदसमेत रहेका राईले शनिबार बाढीग्रस्त थामेसहित खुम्बु र तल्लो क्षेत्रको समेत निरीक्षण गर्नेछन्। उनले भने, 'म शनिबार आफैं घटनास्थलको निरीक्षणमा जाँदैछु, शुक्रबार नै जाने कार्यक्रम थियो तर मौसमले साथ दिएन, शनिबार बिहानै गएर सबै क्षेत्रको निरीक्षण गर्नेछु।' रक्षामन्त्री राईको सचिवालय सदस्य प्रवेश राईले भने 'मन्त्रीज्यू शनिबार खुम्बु जाँदै हुनुहुन्छ, उहाँ नेपाली सेनाको हेलिकप्टरबाट विज्ञसहितको टोली लिएर त्यहाँ पुग्ने कार्यक्रम रहेको छ, सायद उहाँले बाढीले प्रभावित तल्लो सोलुको समेत निरीक्षण गर्नु हुनेछ।' रक्षामन्त्री राई विपत् व्यवस्थापनको टिमसहित खुम्बु पुग्ने बताइएको छ। हालसम्म खुम्बुको कुन हिमताल फुटेर बाढी आएको हो भन्ने बारे यकिन हुन सकेको छैन। रक्षामन्त्री राईसहित पुग्ने टोलीले सो विषयमा समेत अध्ययन गर्ने रक्षा मन्त्रालयले जनाएको छ। शुक्रबार बाढीबाट क्षति भएकाहरूको उद्धारमा सबै सुरक्षा निकाय तथा जनप्रतिनिनिधिहरू केन्द्रित हुँदा बाढीको अनुसन्धान गर्न नसकिएको सोलुखुम्बुका प्रमुख जिल्ला अधिकारी देवी पाण्डे (खत्री)ले बताइन्। प्रहरी र नेपाली सेनाले थामेबाट ९३ जना स्थानीय, विद्यालय होस्टेलमा बस्ने ८ जना शिक्षक, २ जना कर्मचारी, ३२ जना विद्यार्थी १ सय ३५ जनालाई उद्धार गरी सामुदायिक भवन तथा अन्य सुरक्षित स्थानमा राखिएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेले बताए। नेपाली सेनाको टोकडी थामे नजिकै भएकाले घटना लगत्तै सबै भन्दा पहिले सेनाको टोली पुगेर उद्धार गरेका थिए। थाम्बुजे प्रहरी चौकी थामे गाउँबाट टाढा रहेकाले नेपाली सेनाले अगाडि पुगेर उद्धार गरेको दुर्गा बक्स गण सुरक्षा गुल्म सल्लेरीका सेनानी नवराज बस्नेतले बताए।

# अमेरिकाले भन्यो-संक्रमणकालीन न्याय टुंगोतिर पुगेकोमा बधाई



**राधा खनाल** | *काठमाडौं*

संयुक्त राज्य अमेरिकाले मुलुकको संक्रमणकालीन न्याय टुंगोतिर पुगेको भन्दै बधाई दिएको छ। नेपाल भ्रमणमा रहेका अमेरिकी उपविदेशमन्त्री रिचार्ड आर वर्माले प्रधानमन्त्री केपी ओलीसँगको भेटमा संक्रमणकालीन न्याय टुंगोतिर लाग्नु महत्त्वपूर्ण उपलब्धि भएको भन्दै बधाई दिएका हुन्। शुक्रबार नेपाल आइपुगेका उपविदेशमन्त्री वर्माले दिउँसो प्रधानमन्त्री ओलीसँग भेटवार्ता गरेका थिए। वर्मा अमेरिकी राष्ट्रपति जोन बाइडेन सरकारका 'शक्तिशाली मन्त्री' हुन्। नेपालको विकासमा साझेदार हुन पाउनु अमेरिकाको लागि खुसीको विषय भएको उनले बताए। प्रतिनिधिसभाले हालैमात्र संक्रमणकालीन न्यायसम्बन्धी विधेयकलाई पारित गरेपछि मुलुकको शान्ति प्रक्रिया निष्कर्ष उन्मुख छ। संक्रमणकालीन न्यायमा अमेरिकाले पनि विशेष चासो राख्दै आएको छ।

प्रधानमन्त्री ओली र उपविदेशमन्त्री वर्माबीच दुईपक्षीय सम्बन्ध र आपसी हितका विषयमा छलफल भएको प्रधानमन्त्री कार्यालयले जनाएको छ। त्यस क्रममा प्रधानमन्त्री ओलीले नेपालको आर्थिक र सामाजिक विकासका क्षेत्रमा सन् १९५० देखि अमेरिकी सरकारले गर्दै आएको निरन्तर सहयोगका लागि धन्यवाद दिएका थिए। साथै, नेपालको विकासका विविध क्षेत्रमा अमेरिकाको सहयोग यथावत् रहने विश्वास पनि व्यक्त गरेका थिए।

प्रधानमन्त्री ओलीले नेपाल सन् २०२६ भित्र अल्पविकसित मुलुकबाट स्तरोन्नति हुने क्रममा रहेको र राजनीतिक सहमतिका आधारमा नेपालको संक्रमणकालीन न्यायसम्बन्धी कानुनका विषय टुंगो लाग्ने क्रममा भएको जानकारी गराएका थिए।

» बाँकी पृष्ठ ६

